# ढोरपाटन सिकार आरक्ष : दोस्रो सिकार याममा नौ नाउर र चार झारलको सिकार

**डम्मर बुढा मगर/हिटा**

**बागलुङ, २३ वैशाख**

नेपालको एक मात्र सिकार ढोरपाटनमा यस वर्षको दोस्रो सिकार सिजन सकिएको छ । दोस्रो सिजनमा नौ नाउर र चारवटा झारलको सिकार भएका छन् । विदेशी व्यावसायिक शिकारी ढोरपाटन पुगेर निर्धारित कोटा अनुसारको नाउरको सिकार गरेका हुन् ।

यस सिजनमा सिकारीले एक वटा झारलको शिकार गर्न चुके । दोस्रो सिजनलाई पाँचवटा झारलको कोटा निर्धारण गरिएको थियो । दोस्रो यामको सिकारबाट झण्डै २५ लाख रुपैयाँ राजस्व संकलन भएको आरक्ष कार्यालय ढोरपाटनले जनाएको छ । यो वर्ष लिलाम बढाबढ गर्दा नाउरको एक लाख ८१ हजारदेखि एक लाख ९५ हजार र झारलको एक लाखसम्म तोकिएको थियो ।

हरेक वर्ष पहिलो सिकार याम असोज-कात्तिक र दास्रो सिकार याम चैत-वैशाखमा हुने गर्छ । पहिलो सिजनमा नौ नाउर र पाँच झारलको सिकार अनुमति दिइएको थियो तर कोभिड-१९ महामारीका कारण सिकार हुन सकेको थिएन ।

पहिलो याममा एक झारल र एक नाउरको सिकार भएकोमा दोस्रो याममा भने लक्ष्यअनुरूप नै सिकार भएको ढोरपाटन सिकार आरक्षण प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो ।

आरक्षको फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ, सुर्तिबाङ र सुनदह गरी सात 'ब्लक' मा सिकार खेल्ने गरिएको थियो । सिकार कम्पनी नेपाल ट्राभल एक्सपिडिसन प्रालि ललितपुर, हिमालयन वाईल्डलाइफ आउटफिर्टस प्रालि, ग्लोबल सफारिज प्रालि. ठमेल काठमाडौं र हिमालयन सफारिज नक्साल काठमाडौंमार्फत सिकारी ढोरपाटन पुगेका थिए ।

बन्दुक, गोलीगठ्ठा र सहयोगीसहित सिकारी आरक्ष आउने गरेको अधिकृत कँडेलले बताउनुभयो । खर्चिला र साहसी सिकारीले विकटमा रहेका 'ब्लक' मा सिकार खेल्न रुचि राख्छन् । सिकारीसहितको टोलीले १५ दिन जंगलमै समय बिताउने गर्छन् । दोस्रो याममा अमेरिका, रुस, प्रान्स, युक्रेन र स्पेनका पेशेवर सिकारीले सिकार गरेका हुन् ।

दोस्रो यामको पहिलो सिकार रुकुम पूर्वको सेङ 'ब्लक'मा चैतको २३ गते १२ वर्षको नाउर मारेर सुरु भएको थियो । अन्तिम सिकार पनि सोही ब्लकमा वैशाख ७ गते आठ वर्षको नाउरको सिकार गरेका थिए ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक सिकार याममा बोलपत्र आह्वान गरेर सिकारको कोटा र राजस्व दर निर्धारण गर्छ । साहसिक यात्रा र रोमाञ्चक सिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बनेको छ ।

अधिकांश सिकारीहरू हेलिकोप्टरमार्फत ढोरपाटनमा आउने गर्छन् । पछिल्लो समय गाडी सडक सञ्जालले सिकार आरक्ष क्षेत्र जोडिएको हुँदा गाडीमार्फत पनि सिकारी पुग्ने गरेका छन् ।

# गह्राभरि गोठेमल, सुध्रियो माटो

**एकेन्द्र खत्री/हिटा**

**अछाम, २३ वैशाख**

अछाममा अहिले मकै र धान छर्ने सिजन छ । जता हेर्‍यो त्यतै गोठेमलले गह्राहरू भरिभराउ छन् । कुनै ठाउँमा मकै लगाउने काम सकिएको छ भने कुनै ठाउँमा मकै छर्ने तयारी हुँदैछ । किसानहरू मल बोक्नमा व्यस्त छन् । प्रांगारिक मलको महत्त्व बुझ्न थालेपछि किसानहरू अहिले गोठेमलको प्रयोग गर्न थालेका छन् । यसले उत्पादन पनि बढाएको छ भने माटो पनि सुधारेको छ । अछामको रामारोशन गाउँपालिका-४ बाटुलासैनको छडेनाटोलमा ९३ घरधुरी छन् ।

यो गाउँका प्राय: सबै खेतीपातीबाटै गुजारा चलाउँछन् । गाउँका सबैका घरमा भैंसी, गाईबाख्रा छन् । गाईवस्तुबाट उत्पादन हुने गोठेमल संकलन गर्ने अनि सिजनसिजनमा गोठेमलकै प्रयोग गर्ने गर्दछन् ।

गाउँकै अगुवा कृषक प्रेमसिंह खत्रीले तरकारीखेती गर्न थालेको पाँच वर्ष भयो । उहाँ सुरुसुरुमा एउटै जमिनमा छोटो समयमै पटक-पटक उत्पादन लिन रासायनिक मल प्रयोग गर्नुहुन्थ्यो । गोठेमल अर्थात् प्रांगारिक मलको महत्त्व बुझ्न थालेपछि कृषक खत्रीले गोठेमल नै तरकारी अनि खेतमा प्रयोग गर्नुहुन्छ ।

## सच्याइएको सूचना

यहि मिति २०७८/०१/२२ गते ठेक्का नं. NCB/PTNMUN/W-10 (Construction of Municipality office Building Phase II) को सूचना बुदा नं. ५ मा Patan Municipality हुनु पर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

# कोइला फुटाउने मेसिनमा परी मृत्यु

**कञ्चनपुर/हिटा ।** कञ्चनपुरको भिमदत्त नगरपालिका-८ तिलाचौडस्थित जगन्नाथ इँटाभट्टामा काम गर्ने सोही ठाउँ बस्ने ३५ वर्षीया जानकी पुजाराको छोरा १३ वर्षीय अर्जुन पुजाराको कोइला फुटाउने मेसिनमा परी मृत्यु भएको छ ।

आमासँग इँटाभट्टामा गएको अवस्थामा इँटाभट्टा नजिक खाली जमिनमा रहेको म.१ त ११६७ नम्बरको ट्याक्टरको एक्सल फुलीमा लुगा बेरिन गई कोइला फुटाउने मेसिनमा पर्दा उहाँको मृत्यु भएको हो ।

मेसिन चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# करेन्ट लागेर एकजनाको मृत्यु

**सर्लाही/हिटा ।** सर्लाहीमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्सा गाउँपालिका-५ की ५२ वर्षीया सेवोदेवी पासवान हुनुहुन्छ ।

बुधबार साँझ घाँस काट्नेक्रममा पर्साबाट पिपरा जाने पुल नजिकैको मेन लाइनको पोलमा अर्थिङको तारमा छुन पुग्दा उहाँको मृत्यु हुन पुगेको प्रहरीले जनाएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## Melauli Municiplaity
## Office Of The Municipal Executive
**Melauli, Baitadi**

**Sudurpashchim Province**

### Notice for Invitation of Bid (NCB)

**Date of 1st publication: 2078/01/24 (7th May 2021)**

1. **Melauli Municipality,Baitadi invites Online Bids** only under e-procurement system from eligible bidders for the works mentioned below under online National Competitive Bidding Single –Stage: Two-Envelope Bidding Procedures .

| Name Of Project | Contract ID | Bid Security (NRS) | Minimum Average Annual Turnover | Bid validity/ Bid Security Validity | Last Date And Time Of Bid Submission | Date And Place Of Bid Submission |
|---|---|---|---|---|---|---|
| Melauli Bhagwati Mandir Jane Bato, Mandir Park Nirman Tatha Parisar Gherparkhal Nirman | *16/MBM/ 2077/078* | 17,50,000.00/- | *1,00,00,000.00/-* | *120 days from the last date of bid submission* | *2078-02-23 (6th June 2021) 12:00pm* | *2078-02-23 (6th June 2021)<br>14:00pm, Melauli Mun* |

2. **Bank Information.**

| Name Of Bank | Office Account Number | Bidding Doccument Cost |
|---|---|---|
| Nepal Credit And Commercial Bank,Baitadi, Melauli-01 | For Bid Doccument (Aantarik Rajaswa Khata) 1490000037101<br>For Bid Security (Dharauti Khata) 1490000013701 | NRs.5,000.00/- ( Five Thousands Only) |

3. For More Details Contact No.9858783940,9840527657, Or May Visit PPMO e-GP System At www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## Dilasaini Rural Municipality
## Office of the Rural Municipal Executive
**Dilasaini,Baitadi**

**Sudur Pashchim Province, Nepal**

### Invitation for Bids

**TENDER NOTICE NO. : 14-077/078**

**First Date Of Publication: 2078-01-24 BS (2021-05-07AD)**

1. **Dilasaini Rural Municipality** has allocated funds towards the cost of construction of the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. **Dilasaini Rural Municipality, Office of Muncipal Executive** invites Hard Copy bids for contract no DRM/BTD/NCB/Works/16-077/078 from eligible bidders for the construction of following works under National Competitive Bidding procedure. Only eligible bidders as per clause 42(2) of PPR 2064 should participate in this bidding.

| S. N. | IFB No. | Description of Works | Estimated Amount (Inclusive of VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/BTD/NCB/ Works/16-077/078 | Construction of Harinagar Khel Maidan | 2300000.00 | 60000/- | 3,000/- |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dilasaini Rural Municipality, (email:-drmbaitadi@gmail.com)**, Dilasaini Baitadi, Sudur Pashchim Province Nepal **for DRM/BDT/NCB/Works/16-077/078.**
4. A complete set of Bidding Documents may be purchased from the officeof **Dilasaini Rural Municipality, Dilasaini Baitadi** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance Certificate of fiscal year 2076-077 and upon payment of a non-refundable fee of NRs. 3000 till **2078/02/22** during office hours.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank** : Kumari Bank Limited, Dilasaini Baitadi
**Name of Office** : Dilasaini Rural Muncipality
**Office Code no.** : 801077405
**Office Account no.** : 0880034242400008

5. Hard Copy bids must be submitted to the office **Dilasaini Rural Municipality, Dilasaini Baitadi** by hand/courier before 12:00 Noon on 2078/02/23. Bids received after this deadline will be rejected.
6. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00PM on 2078/02/23 at the office of **Dilasaini Rural Municipality, Dilasaini Baitadi**. Bid must be valid for a period 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days). if bidders wish to submit Bid Security in the form of cash, the cash should be deposited in

**Name of the Bank** : Kumari Bank Limited,Dilasaini Baitadi
**Name of Office** : Dilasaini Rural Muncipality
**Office Account No** : 0880034242400005

7. If the last date of Pre-Bid meeting/purchasing/submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 with latest amendment. The employer reserves the right to amend and correct at any time, in case of any discrepancies or error in bidding document, tender notice or any other document.
9. Dilasaini Rural Municipality, Baitadi reserves the right to accept or reject any bid and to annual the processand reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**



## दिपायल सिलगढी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
**सिलगढी, डोटी**

### एम्बुलेन्स खरिद तथा आपूर्ति गर्ने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति: २०७८/०१/२४**

यस कार्यालयलाइ आवश्यक चार पांग्रे पाहाडी क्षेत्रको लागि उपयुक्त एम्बुलेन्स बिक्रि गर्न इच्छुक उत्पादन कम्पनि, आधिकारिक फर्म/संस्था/कम्पनीहरुबाट फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि, २०७६/२०७७ को कर चुक्ताको प्रतिलिपि, बोलपत्रदाता/फर्म/कम्पनीको Power of Attorney को प्रमाणपत्र तथा उत्पादनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी यो सूचना प्रकाशित भएको ७(सात) दिन भित्र यस कार्यालयमा कार्यालय समय भित्र सिलबन्दी निबेदन दर्ता गराउन हुन सार्वजनी खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम यो सूचना आह्वान गरिएको छ ।

| गाडीको किसिम | स्पेसिफिकेसन | परिणाम | कैफियत |
|---|---|---|---|
| High roof 4WD Ambulance | GVW not less than 2400 kg shall have seating capacity at least 5 attendants including driver and having at least one patient's foldable stretcher<br>Maximum torque should not less than 250 N-m<br>Maximum rated power output not less than 65 KW<br>Minimum Ground Clearance 190 mm<br>Power Steering | 1 | Specifications not included in this notice shall be as per approved technical specifications. |

**प्रमुख प्रशासकीय अधिकृत**



## Invitation for Bids

KIST Medical College & Teaching Hospital
Procurement of Equipment for HIGH DEPENDENCY UNIT
**Provision Concerning Procurement to be made in Special Circumstances**
IFB No. KISTMC/HDU/G/SC-1/2077-78

**Date of publication: 2078/01/24**

1. KIST Medical College & Teaching Hospital, Imadol, Lalitpur, Nepal invites sealed bid from eligible bidders for the procurement of Equipment for High Dependency Unit under Provision Concerning **Procurement to be made in Special Circumstances of CoVID-19 pandemic** procedures as specified in Public Procurement Act and Regulations.
2. The bidder must submit the bid for entire package as mentioned in BOQ. Evaluation will be done on lot basis (single lot entire package basis).
3. Bid document can be downloaded from the hospital website https://kistmcth.edu.np or PPMO website after submission of bank voucher of bid document fee. Bidders should deposit **NRS 5,000.00** the cost of bidding document in the following account as specified below

   **Name of the Bank: Prabhu Bank Ltd.**
   **Name of the Office: KIST Medical College Pvt. Ltd., Lalitpur Branch.**
   **Account no: 0030006962000015**
4. Bid must be submitted with Sealed Hard copy by hand or through e-submission on or before 12:00 PM of 2078/02/07.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00PM on 2078/02/07 at the office of Hospital Director, KIST Medical College & Teaching Hospital, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid as mentioned in above table.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the day shall be considered as the last date the same as specified for the original last date of bid purchasing/ submission.
7. KIST Medical College & Teaching Hospital reserves all the rights to reject the submitted bids without assigning any reason whatsoever. KISTMCTH also reserves all the rights to modify or amend the bid documents.

| S. No. | Desctription of Package | Bid Security (Nrs) | Document Form Fee (Non Refundable) |
|---|---|---|---|
| 1 | Supply, Delivery, Installation of Equipment for High Dependency Unit | 7,81,750.00 | Nrs 5,000/- |


CMYK